# लक्ष्मीनियाँ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ बजार, धनुषा

मधेश प्रदेश, नेपाल


पत्र संख्या :- २०८२।२०८३

चलानी नं. :- ९१९५

मिति:२०८३।०१।०४

लक्ष्मीनियाँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लक्ष्मीनियाँ बजार, धनुषा मधेश प्रदेश,नेपाल २०७३

**विषय: परिपत्र ।**

श्री स्वास्थ्य चौकीहरु र आधारभूत स्वास्थ्य केन्द्र सबै,

लक्ष्मीनियाँ गाउँपालिका, धनुषा ।

प्रस्तुत विषयमा स्थानीय तह सेवा सञ्चालन सम्बन्धी प्रचलित कानुन अनुसार सार्वजनिक सेवा प्रवाहलाई स्वचछ, निष्पक्ष र प्रभावकारी तथा नागरिकमैत्री बनाउनुपर्ने दायित्व रहेकोले यस गाउँपालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य चौकी र आ.स्वा.के. हरुमा देहायका निर्देशनहरु कडाईका साथ पालना गर्न निर्देशन गरिएको छ।

देहाय:

१. सबै कर्मचारीहरू नेपाल सरकारले निर्धारित कार्यालय समयमा अनिवार्य रूपमा उपस्थित हुनुपर्नेछ। ढिलो हुने वा अनुपस्थित हुने अवस्था भएमा सेवा प्रवाहमा समस्या नआउने गरि स्वास्थ्य शाखा प्रमुखलाई जानकारी गराउने तथा अनिवार्य बिदा स्वीकृति गराउनु पर्नेछ।

२. कार्यालय समयमा कार्यालय कामकाजले कार्यालय बाहिर जानुपर्ने अवस्थामा लगबुकको व्यवस्था गरी विवरण प्रविष्ट गरे मात्र जाने । स्वास्थ्य चौकी प्रमुख बाहिर जानु पर्ने अवस्थामा शाखा प्रमुखलाई र स्वास्थ्य चौकी अन्तर्गतका कर्मचारीहरु जाँदा संस्था प्रमुखलाई जानकारी गराएर मात्र जाने।

३. तोके बमोजिमको पोशाकमा अनुशासित व्यवहार र पेशागत मर्यादा कायम राखी सेवा प्रवाहको व्यवस्था मिलाउने ।

४. अनावश्यक अनुपस्थिति, काममा ढिलासुस्ती तथा गैरजिम्मेवार व्यवहारलाई दुरुत्साहित गरी सेवाग्राहीलाई सम्मानजनक, छिटो र प्रभावकारी सेवा प्रदान गर्नुपर्नेछ ।

५. स्वास्थ्य चौकी र केन्द्रबाट उपलब्ध हुने निःशुल्क औषधिहरुको उचित व्यवस्थापन गरी समयमै सेवाग्राहीलाई उपलध गराउने, औषधि उपलब्धताको क्रम भंगहुन नदिन समयमै आवश्यक कदम अगाडी बढाउने ।

०१।०४

.........................

राजगिर महतो

प्रमुख प्रशासकीय अधिकृत

राजगिर महतो प्रमुख प्रशासकीय अधिकृत